# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, मंसीर ६ गते २०६२ साल (संख्या ३१

## भाग ३

### निर्वाचन आयोगको सूचना

राष्ट्रिय जन प्रजातान्त्रिक पार्टीले राजनीतिक संगठन वा दलको रुपमा आफ्नो नाम दर्ता गराउन यस आयोगमा दिएको निवेदन उपर कारवाही हुँदा राजनीतिक दलसम्बन्धी ऐन, २०५८ को दफा ७ बमोजिम "राष्ट्रिय जन प्रजातान्त्रिक पार्टी" नामको राजनीतिक दल यस आयोगको मिति २०६२।७।६ को निर्णयानुसार दर्ता गर्ने निर्णय भएको हुँदा सोही ऐनको सोही दफाको उपदफा (५) को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
दोलखबहादुर गुरुङ्ग
निर्वाचन आयोगको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी सार्वजनिक शैक्षिक गुठी, काठमाडौंद्वारा सञ्चालित श्री दालेकी मा.वि. सामाखुसीका लागि स्पेनमा रहेको ECA Global Foundation बाट चन्दा तथा दान स्वरुप प्राप्त हुने युरो १७,४६६।- मूल्य बराबरको बाह्र थान कम्प्यूटरहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध नेपाल नाजरेत सोसाइटीद्वारा संचालित नवज्योति केन्द्र, बालुवाटार काठमाडौंमा रहने सुस्त मनस्थिति भएका बालबालिकाहरूको आचतजावतको प्रयोजनका लागि भारतीय राजदूतावासले उपहार स्वरुप प्रदान गर्ने भा. रु. ५,७६,५०३।- मूल्य बराबरको ३२+१ सिटको स्वराज माज्दा आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूधना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग

३५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा ९क. ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको अनुसूचीको खण्ड (ख) को,–

(१) उपखण्ड १ को सट्टा देहायको उपखण्ड १ राखिएको छः–

"१ अन्तर्राष्ट्रिय श्रृङ्खलाको रुपमा तत्काल दुई भन्दा बढी मुलुकमा कारोवार गरिरहेको खुद्रा व्यवसाय बाहेकको अन्य खुद्रा व्यवसाय (रिटेल बिजनेस)।"

(२) उपखण्ड २,३,४,५ र ६ झिकिएका छन्।

(३) उपखण्ड ७ मा रहेका "चुरोट" र "मदिरा" भन्ने शब्दहरू झिकिएका छन्

(४) उपखण्ड १० झिकिएको छ।

(५) उपखण्ड १४ को सट्टा देहायको उपखण्ड १४ राखिएको छः–

"१४ एकाउन्न प्रतिशतसम्म विदेशी लगानी भएको परामर्श सेवा बाहेक अन्य परामर्श सेवा व्यवसाय-व्यवस्थापन, लेखा, इन्जिनियरिङ्ग, कानूनी जस्ता व्यवसायहरू।"

आज्ञाले,
भरतबहादुर थापा
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

360